आज मिति २०७९ साल पौष १९ गते मंगलबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा १० (दशौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्यः श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री शिव प्रसाद लम्साल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।
३. दोश्रो नगर सभाको दोश्रो अधिवेशन (हिउँदे अधिवेशन) सम्बन्धमा।
४. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. नमोबुद्ध नगरपालिकाको खेलकुद संचालन कार्यविधि, २०७९ सम्बन्धमा।
३. बागमती प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग आकृति फारम सम्बन्धमा।
४. जिल्ला समन्वय समितिमा सम्पुरकका लागि आयोजनाहरु माग गर्ने सम्बन्धमा।
५. निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
६. श्रोत सुनिश्चिता गर्ने सम्बन्धमा।
७. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको दोश्रो अधिवेशन (हिउँदे अधिवेशन) मा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।
८. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

यस नमोबुद्ध नगरपालिकालाई खेलकुदको माध्यामबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी मद्यपान, लागु पदार्थ सेवनको कुलतबाट जोगाई सु-सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उदेश्यले युवाहरुको माध्यमबाट सु-संकृत समाजको निर्माण गर्ने उदेश्यलाई मूर्त रुप दिनका लागि बनेको "नमोबुद्ध नगरपालिका खेलकुद संचालन कार्यविधि, २०७९" स्वीकृत गर्ने।

निर्णय नम्बर ३:

बागमती प्रदेश लोक सेवा आयोग, हेटौंडा, मकवानपुरको प.सं. २०७९/०८०, च.नं. ८९, मिति २०७९/०८/१४ गतेको पदपूर्तिका लागि माग आकृति फारम पठाउने सम्बन्धी प्राप्त पत्रानुसार तपशिल बमोजिम रिक्त रहेको दरबन्दी पदपूर्तिका लागि माग आकृति फारम स्वीकृत गरी सम्बन्धित निकायमा पठाउने।

तपशिलः

| क्र.म. | माग पदको नाम | पदको तह | सेवा/समुह/उप समूह | स्थायी/अ स्थायी | यस आ.व.माको माग नयाँ पद सिर्जना वा रिक्त भई माग गरिएको संख्या | कुल माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सहायक पाँचौं | पाँचौं | प्रशासन/सामान्य प्रशासन | स्थायी | २ | २ | |
| २ | सहायक चौथो | चौथो | प्रशासन/सामान्य प्रशासन | स्थायी | १ | १ | |
| कुल कर्मचारी माग आकृति | | | | | | ३ | |

निर्णय नम्बर ४:

जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकलाई यस नमोबुद्ध नगरपालिकाबाट समपुरकका लागि तपशिल बमोजिमका आयोजनाहरु माग गर्ने।

तपशिलः

| क्र.म. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | ०१ नम्बर वडा कार्यालयको प्रशासनिक भवन निर्माण | वडा नम्बर ०१ | |
| २ | श्रीराम माध्यमिक विद्यालयको भवन निर्माण तथा घेराबार | वडा नम्बर ०३ | |
| ३ | श्री बाल उज्ज्वल माध्यामिक विद्यालयको भवन निर्माण | वडा नम्बर १० | |
| ४ | ०६ नम्बर वडा कार्यालयको प्रशासनिक भवन घेराबार | वडा नम्बर ०६ | |
| ५ | ०३ नम्बर वडा कार्यालयको प्रशासनिक भवन निर्माण तथा घेराबार | वडा नम्बर ०३ | |
| ६ | ०४ नम्बर वडा कार्यालयको प्रशासनिक भवन | वडा नम्बर ०४ | |

| | | | |
|---|---|---|---|
| | घेराबार | | |
| ७ | ०८ नम्बर वडा कार्यालयको प्रशासनिक भवन घेराबार तथा सपोर्ट वाल निर्माण | वडा नम्बर ०८ | |
| ८ | उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यवसायिक तरकारी तथा फलफुल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रम | नगर स्तरीय | |
| ९ | सालथुम्की पहिरो नियन्त्रण | वडा नम्बर ०२ | |

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ११ स्थित नमोबुद्ध मन्दिर परिसरमा निर्माण भएको संरचना व्यवस्थापन गर्ने सम्बन्धमा मिति २०७९ पौष १७ गते नगर प्रमुख श्री कुनसाङ लामाज्यूको अध्यक्षतामा तथा सम्बन्धित सरोकारवाला निकायका प्रमुखज्यूहरुको उपस्थितिमा भएको बैठकको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने।

तपशिलः

१. नमोबुद्धको प्राचीन चैत्यलाई मौलिक स्वरूप कायम गर्न उक्त स्थानमा वि.स. २०४४ सालमा अनाधिकृत तथा अव्यवस्थित रुपमा निर्मित संरचना हटाई उपयुक्त स्थानमा स्थानतरण गरी उचित व्यवस्थापन कार्य सम्पूर्ण सरोकारवालाहरुको सहकार्य, सहयोग र समन्वयमा नगरपालिकाले गर्ने।

२. धार्मिक, एतिहासिक, पुरातात्विक, सास्कृतिक एवं वातावरणीय महत्व बोकेको प्राचीन नमोबुद्ध क्षेत्रलाई मौलिक स्वरूप कायम गर्न नगरपालिकाले निर्माण गरेको दीर्घकालीन गुरुयोजनालाई सम्पूर्ण सरोकारवालाहरुको सहकार्य, सहयोग र समन्वयमा परिमार्जन गर्ने।

३. २०७२ साल बैशाख १२ गते आएको विनाशकारी भूकम्पबाट भत्केको प्राचीन सत्तल पुरातत्व विभागबाट पुनर्निर्मित उक्त सत्तलमा राखिएको फलामे ग्रिल र बार हटाई धार्मिक श्रद्धालु भक्तजनहरुलाई उपयोगका लागि सर्वसुलभ वातावरण निर्माण गर्ने।

४. माथि उल्लेखित निर्णयहरुको कार्यान्वयन गर्न लाग्ने सम्पूर्ण खर्चको व्यवस्थापन नगरपालिकाले मिलाउने।

निर्णय नम्बर ६:

यस नमोबुद्ध नगरपालिकाको ०१ नम्बर वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत आर्थिक वर्ष २०७९/०८० को वार्षिक नगर विकास योजनामा रकम रु. ५०,००,००० (पचास लाख) विनियोजन गरिएकोमा प्राविधिकको लागत अनुमान बमोजिम सम्पूर्ण निर्माण कार्य गर्न रकम रु. १,३३,१८,४५४ (एक करोड तेत्तिस लाख अठार हजार चार सय चौवन्न) आवश्यक रहेको र एकैपटक बोलपत्र आव्हान गर्न उक्त आयोजनालाई बहुवर्षे आयोजनाको रुपमा रुपान्तरण गर्ने र सो आयोजना सम्पन्न गर्न अपुग रहेको बजेट आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नगर विकास योजना तथा अन्य उपयुक्त श्रोत मार्फत सुनिश्चिता गर्ने।

निर्णय नम्बर ७:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको दोश्रो अधिवेशन (हिउँदे अधिवेशन) मा पेश गर्ने प्रस्तावहरुः

१. लोकतन्त्र र प्रजातन्त्र प्रासिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।
२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) मा हाल सम्म भएको **"भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन"** प्रमुख प्रशासकीय अधिकृत श्री शिव प्रसाद लम्सालज्यूबाट दोश्रो नगर सभाको दोश्रो अधिवेशनमा पेश गर्ने।
३. विधायन समितिका संयोजक तथा वडा अध्यक्ष श्री टिका बहादुर के.सी.ज्यूबाट नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनको मिति २०७९/०३/१० गते बसेको पहिलो बैठकमा पेश भई मिति २०७९/०३/२७ गतेको दोश्रो नगर सभाको पहिलो अधिवेशनको दोश्रो बैठकबाट स्वीकृत भएको नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको **"विनियोजन ऐन,२०७९ को अनुसूची माथिको संशोधन"** विधायन समितिका संयोजक तथा वडा अध्यक्ष श्री टिका बहादुर के.सी.ज्यूबाट मिति २०७९/०९/२१ गतेको दोश्रो नगर सभाको दोश्रो अधिवेशन (हिउँदे अधिवेशन) मा **"विनियोजन ऐन,२०७९ को अनुसूची माथिको संशोधन"** संलग्न अनुसूची बमोजिम स्वीकृतीका लागि पेश गर्ने।
४. नमोबुद्ध नगरपालिका वडा नम्बर ११ स्थित धार्मिक, एतिहासिक, पुरातात्विक, सास्कृतिक, वातावरणीय तथा प्राचीन महत्व बोकेको विश्व प्रसिद्ध नमोबुद्ध मन्दिर परिसरलाई मौलिक स्वरूप कायम गर्न नगरपालिकाले निर्माण गरेको दीर्घकालीन गुरुयोजनालाई सम्बन्धित सरोकारवालाहरुको सहकार्य, सहयोग र समन्वयमा थप परिमार्जन गरी विश्व सम्पदा सूचीमा सुचिकृत गर्न आवश्यक प्रकृया अगाडी बढाई थप पहल गर्नका लागि दोश्रो नगर सभाको दोश्रो अधिवेशनमा पेश गर्ने।

५. आर्थिक वर्ष २०७८/०७९ को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) मा चालु तथा पूँजीगत खर्च तर्फ विनियोजन गरिएको कुल प्रतिशतलाई आधार मानी आवश्यक शिर्षकमा रकम थप घट गर्न, विभिन्न शिर्षकमा प्राप्त अन्य श्रोतका रकम, रकमान्तर, एकमुष्ट विनियोजन भएका रकम तथा नगरपालिकाबाट तत्काल कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रम एकिन गरी कार्यान्वयनमा लैजाने अधिकार नगर प्रमुखलाई दिनका लागि दोश्रो नगर सभाको दोश्रो अधिवेशनमा पेश गर्ने।

६. दोश्रो नगर सभाको पहिलो अधिवेशन पश्चात नगर कार्यपालिकाको मिति २०७९ असार २६ गते देखि २०७९ पौष २१ गते सम्मको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु, नगरप्रमुखस्तरीय निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको दोश्रो अधिवेशनमा पेश गर्ने।

७. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको दोश्रो अधिवेशन (हिउँदे अधिवेशन) सम्पन्न गर्ने क्रममा विभिन्न चरणमा सहयोग पुर्याउनु हुने यस नगरका निर्वाचित सबै जनप्रतिनिधिहरु, नगर सभा सदस्यहरु, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, संचारकर्मी लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने।